# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, भदौ १६ गते २०६५ साल (अतिरिक्ताङ्क २५(आ)

## भाग ५

### नेपाल सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरो सोहो ऐनको अनुसूचो-१ को भन्सार महसुल अन्तगत शीर्षक १ को उपशीर्षक २ को २५ प्रतिशत भन्सार महसुल कायम भएको वस्तु वर्गिकरण संकेत नं. १७०१.११.१० को चिनीमा १० प्रतिशत भन्सार महसुल कायम गरी नेशनल ट्रेडिङ्ग लिमिटेड र साल्ट ट्रेडिङ्ग कम्पनी मार्फत ४०,००० (चालीस हजार) मेट्रिक टन चिनो आयात गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले आयकर ऐन, २०५८ को दफा १२ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी सप्तकोशी नदीको तटबन्ध फुटेर डुबानमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परेका व्यक्तिहरुको राहतका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा योगदान गर्न नेपाल सरकारबाट आव्हान भए बमोजिम योगदान गर्ने व्यक्ति वा निकायलाई आय वर्ष २०६५।०६६ मा पूर्णरुपमा खर्च कट्टा गर्न पाउने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले
प्रमोदकुमार कार्की
सह-सचिव

398



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३

397 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार